**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- निर्वाचन आयोगले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले मतदाता सूचीको विशेष व्यापक पुनरिक्षण (एसआइआर) माथि लगाएको आरोपलाई झूठो भन्दै खारेज गरेको छ।

- पश्चिम बङ्गाल राज्य निर्वाचन आयोगले राज्यमा एसआईआर प्रक्रिया ७ फेब्रुअरीको निर्धारित समय सीमाभित्र पूरा हुने बताएको छ।

- पश्चिम बंगालमा (बीएलओ) को नियुक्तिलाई लिएर सियासी विवाद शुरु भएको छ। भारतीय जनता पार्टी (भाजपा) को राज्य इकाई ले निर्वाचन आयोगमा उजुरी दर्ता गरेको छ|
- .रेल मंत्री अश्विनी वैष्णवले पश्चिम बंगालको लागि 14 हजार 205 करोड़ रुपियाको बजटीय प्रावधान गरिएको बताउनु भएको छ|

- **माध्यमिक परीक्षा राज्यभरमा शांतिपूर्वक संपन्न, परीक्षार्थिहरुको सहायताको लागि पुलिसले गरे खास व्यवस्था** |

**<u>निर्वाचन आयोग - ममता बनर्जी</u>**

निर्वाचन आयोगले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले मतदाता सूचीको विशेष व्यापक पुनरिक्षण (एसआइआर) माथि लगाएको आरोपलाई झूठो भन्दै खारेज गरेको छ। यसभन्दा पहिले मुख्यमंत्रीको नेतृत्वमा तृणमूल कांग्रेसका एक प्रतिनिधिमंडलले आयोगसंग भेट गरि राज्यमा चलिरहेको एसआईआरसित संबंधित केहि मुद्दा उठाएका थिए। स्रोतका अनुसार मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार र दुई निर्वाचन आयुक्तहरूले धैर्यपूर्वक सुनेका बाबजुद ममता बनर्जीले झुटो आरोप लगाएकी थिइन्। श्री कुमारले स्पष्ट गर्नु भयो कि कानूनको शासन कायम हुनेछ र कानून आफ्नो हातमा लिने जोसुकैलाई कडा कारबाही गरिनेछ। आयोगले भनेको छ, 'राज्यमा एसआईआरको काममा संलग्न अधिकारीहरूमाथि कुनै दबाब, अवरोध वा हस्तक्षेप हुनु हुँदैन। नयाँ दिल्लीमा आयोगसँगको बैठकमा सुश्री बनर्जीले राज्यमा एसआइआरको क्रममा ५८ लाख मानिसहरूको नाम मतदाता सूचीबाट हटाइएको दाबी गरिन्। र त्यस्ता मतदातालाई आफ्नो बचाउ गर्ने मौका नदिइएको आरोप लगाइन ।

**<u>भाजपा-ममता</u>**

भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले नयाँ दिल्लीमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारसँग गरेको भेटको आलोचना गरेको छ। पार्टीका प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै भन्नु भयो १२ राज्यमा विशेष गहन पुनरिक्षण–एसआईआरको प्रक्रिया चलिरहेको तर अन्य कुनै मुख्यमन्त्रीले निर्वाचन आयुक्तलाई भेटेका छैनन्। भट्टाचार्यले ममता बनर्जीलाई डर लागेको बताउनु भयो । भाजपाले ममता बनर्जीको आरोपलाई पनि खारेज गर्यो कि दिल्ली पुलिसले बंगभवनलाई घेरा हालेको थियो र आफ्नो अधिकार क्षेत्र बाहिर छापा मारेको थियो। विपक्षी दलका नेता सुवेन्दु अधिकारीले हिजो कोलकातामा संवाददाताहरूलाई भन्नुभयो, दिल्ली पुलिसको कारबाही पर्याप्त सूचनामा आधारित थियो।

**पश्चिम बंगाल-एसआईआर**

पश्चिम बङ्गाल राज्य निर्वाचन आयोग विश्वस्त छ कि राज्यमा एसआईआर प्रक्रिया ७ फेब्रुअरीको निर्धारित समय सीमाभित्र पूरा हुनेछ। मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले बताउनु भएको छ कि 15 लाखभन्दा अधिक मतदाताहरुको सुनवाई अंतिम चरणमा रहेको छ। उहाँले भन्नुभयो, त्रुटिरहित अन्तिम मतदाता नामावली सुनिश्चित गर्न हरेक तहमा कडा अनुगमन भइरहेको छ। सुनुवाइबाट अपलोड गरिएको डाटाहरु माइक्रो सुपरभाइजरले भेरिफाइ गरिरहेका छन् | त्यहि विशेष पर्यवेक्षकहरूले अनलाइनमार्फत प्रस्तुत गरिएका सबै कागजात, सूचना र निर्णयहरूको गहन जाँच गरिरहेका छन्। पहिले सुनुवाई केन्द्रहरूमा खटिएका माइक्रो अब्जर्भरहरूलाई अब मतदाता नामावली मर्मतमा रोल पर्यवेक्षकहरूलाई सहयोग गर्न स्थानान्तरण गरिएको छ। ७ लाख ४४ हजारभन्दा बढी मतदाताले मतदाता नामावलीमा नाम दर्ता गराउनका लागि आवेदन दिएको अग्रवालले जानकारी दिनु भएको छ |

**पश्चिम बंगालको लागि 14 हजार 205 करोड़ रुपियाको बजटीय प्रावधानः अश्वनी वैष्णव**

केंद्रीय बजट 2026-27 मा भारतीय रेलवेलाई अहिलेसम्मको सर्वाधिक दुई लाख 78 हजार करोड़ रुपिया आवंटन गरिएको छ। इस बजटमा रेलवे सुरक्षा, माल परिवहन र उच्च गति रेल संपर्कलाई प्राथमिकता दिइएको छ। पश्चिम बंगाल, झारखंड र ओडिशालाई यस बजटमा विशेष लाभ मिलेको छ। हिज सोमवार यो जानकारी केंद्रीय रेल मंत्री अश्विनी वैष्णवले नयाँ दिल्लीबाट वीडियो कॉन्फ्रेंसिंगको माध्यमबाट आयोजित प्रेस वार्तामा दिनु भएको थियो। रेल मंत्रीले बताउनु भयो कि पश्चिम बंगालको लागि 14 हजार 205 करोड़ रुपियाको बजटीय प्रावधान गरिएको छ , जुन 2009 देखि 2014 ko अवधि गरिएको आवंटनको तुलनामा लगभग तीन गुना अधिक रहेको छ। राज्यमा 101 रेलवे स्टेशनहरुलाई 'अमृत स्टेशनको रूपमा पुनर्विकसित गरिंदैछ। वर्तमानमा पश्चिम बंगालमा लगभग 92 हजार 974 करोड़ रुपियाको रेलवे परियोजनाहरु प्रगतिमा रहेको छ , जसमा नयाँ रेल लाइनहरुको निर्माण, स्टेशन पुनर्विकास तथा सुरक्षासित जुड़ेका कार्य शामेल छन्। उहाँले भन्नु भयो कि राज्यमा वर्तमानमा नौ जोड़ी वंदे भारत एक्सप्रेस, एक जोड़ी वंदे भारत स्लीपर एक्सप्रेस तथा 11 जोड़ी अमृत भारत एक्सप्रेसको संचालन भइरहेको छ। बीतेका दस वर्षहरुमा राज्यमा लगभग 1400 किलोमीटर नयाँ रेल पटरिहरु बिछाइएका छन् तथा शत-प्रतिशत रेलवे विद्युतीकरणको लक्ष्य पनि पूरा गरिएको छ। बजटमा वाराणसी–सिलीगुड़ी हाई-स्पीड रेल कॉरिडोरको घोषणा गरिएको छ , जसबाट पश्चिम बंगाललाई पहिलो बुलेट ट्रेनको सुविधा प्राप्त हुनेछ। यसको अतिरिक्त दानकुनीदेखि सूरतसम्म नया फ्रेट कॉरिडोर विकसित गरिनेछ, जसबाट माल परिवहन व्यवस्थालाई सुदृढ़ गरिनेछ। राज्यमा 3200 रूट किलोमीटरमा 'कवच' सुरक्षा प्रणाली स्थापित गर्ने स्वीकृति पनि दिइएको छ। खडगपुर डिभिजन रेल म्यानेजर ललितमोहन पाण्डेले कान्ति-एग्रा, नन्दकुमार-बालाइपण्डा र नन्दीग्राम-कन्डियामारी नयाँ रेल लाइन परियोजनाहरू रेलवे बोर्डले फ्रिज गरेको र चाँडै काम सुरु हुने बताएका छन्। उनले भने कि डिभिजनमा उपनगरीय र एक्सप्रेस रेलहरूको समयबद्धतामा विशेष ध्यान दिइँदैछ र यात्री सुविधाहरूमा निरन्तर सुधार भइरहेको छ।

**माध्यमिक परीक्षा राज्यभरमा शांतिपूर्वक संपन्न, परीक्षार्थिहरुको सहायताको लागि पुलिसले गरे खास व्यवस्था**

पश्चिम बंगालमा हिज सोमवारदेखि शुरू भएको माध्यमिक (कक्षा 10) बोर्ड परीक्षा सम्पूर्ण राज्यमा शांतिपूर्वक र व्यवस्थित तरीकाले संपन्न भएको छ। लगभग 9.5 देखि 9.85 लाख परीक्षार्थिहरुले परीक्षा दिएका थिए। प्रशासन र पुलिसको सतर्कताको व्यवस्थाका कारण कतैबाट परीक्षा अवरुद्ध वा अव्यवस्थाको रिपोर्ट प्राप्त भएनन |

**परीक्षा सुरु हुनुअघि मुख्यमन्त्री ममता बनर्जीले माध्यमिक तहका सबै परीक्षार्थीलाई शुभकामना दिएकी थिइन्। उहाँले विद्यार्थीहरुको उज्जवल र सफल भविष्यको कामना गरिन। परीकक्षाको सहज सञ्चालनका लागि कोलकाता पुलिस र जिल्ला पुलिस ले विस्तृत व्यवस्था गरेको थियो। विद्यार्थीको सुविधाका लागि विशेष हेल्पलाइन नम्बर सक्रिय राखिएको थियो, ताकि कुनै पनि आपतकालिन अवस्थामा तत्काल सहयोग प्रदान गर्न सकियोस्। परीक्षाको समयमा ट्राफिक नियन्त्रण गर्न बिहान ६ बजेदेखि दिउँसो १२ बजेसम्म मालबाहक सवारी सञ्चालनमा रोक लगाइएको थियो। परीक्षार्थीले समयमै परीक्षा केन्द्रमा पुग्न कुनै समस्या नपरोस् भनेर पुलिस थानाहरु र ट्राफिक गार्डलाई उच्च सतर्कता अपनाइएको थियो। परीक्षाका क्रममा यातायात सेवाले पनि सहयोग गरेको थियो। अटो, ट्याक्सी र एपमा आधारित ट्याक्सी सेवाले परीक्षार्थीलाई प्राथमिकता दिने र विद्यार्थीलाई केन्द्रसम्म पुग्न सहज हुने विश्वास दिलाएका थिए। समग्रमा, माध्यमिक परीक्षाको पहिलो दिन पश्चिम बंगालमा शान्तिपूर्ण वातावरणमा रह्यो। प्रशासन, पुलिस र यातायात**

**सेवाहरूको राम्रो समन्वयले लाखौं विद्यार्थीहरूको यो महत्त्वपूर्ण परीक्षा बिना कुनै झन्झट सफलतापूर्वक सञ्चालन गर्न सम्भव रह्यो ।उल्लेखनीय छ कि हिज देखि शुरू भएको माध्यमिक परीक्षा 12 फरवरीसम्म चल्नेछ ।**

**माध्यमिक परीक्षा दिने विद्यार्थीहरुलाई सभासद श्याम शेर्पाले दिए शुभकामना**

त्यहि खर्सांगमा पनि अखिल भारतीय विद्यार्थी महासंघका सदस्यहरुले माध्यमिक परीक्षा दिने विद्यार्थीहरुलाई मिठाई र कलम दिएर शुभकामना व्यक्त गरेका थिए। सभासद श्याम शेर्पाको अगुवाईमा विद्यार्थी महासंघका उप सभापति प्रशान्त शर्मा र विभिन्न महाविद्यालयका पदाधिकारीहरूले विद्यार्थीहरूलाई परीक्षाको लागि शुभकामना दिएका थिए ।

परीक्षाको पहिलो दिनलाई विशेष बनाउन हिज 28 नम्बर चिम्नी-देउराली समष्टिका सभासद श्याम शेर्पाले एक कलम र चकलेट वितरण गर्दै विद्यार्थीहरुलाई शुभकामना व्यक्त गरेका थिए। उनले माध्यमिक परीक्षा दिने विद्यार्थीहरुलाई खरसाङका विभिन्न विद्यालयहरूमा पुगेर शुभकामना दिएका थिए। उनले खरसाङका पुष्परानी, स्कट्स मिशन, रामकृष्ण, सन्त अल्फन्सेस, सन्त जोसेफ र आदर्श विद्यालय भ्रमण गरेका थिए।

****** ० ******